## यो कस्तो रोग हो ?

यो एउटा यस्तो रोग हो जुन सुगुर, वंगुरका जातमा लाग्ने अति संक्रमित सरूवा रोग हो यो रोग सूचिकृत सिमाविहिन रोग भित्र पर्ने बिषाणु (Virus) बाट लाग्ने रोग हो । यस रोगलाई सुगुर वंगुरको हैजा (Hogcholera) अथवा क्लासिकल स्वाइन फिवर (Classical Swine Fever) पनि भनिन्छ । यो रोग लागेका सुगुर वंगुरमा अत्याधिक मृत्यूदर हुन्छ । यो रोग कहि कतै पहिलो पल्ट देखापरेमा वा फैलिएमा मृत्यूदर बढी हुन्छ भने बारम्बार देखा परिरहने ठाउमा तुलनात्मक कम मृत्यूदर भएता पनि प्रजनन र स्नायू सम्वन्धि विकृति भने बढी हुन्छ ।

## के कारणले यो रोग लाग्दछ ?

भाइरसबाट लाग्ने यो रोग दुषित दाना पानी, सरसामान, मुसा र मानिसबाट समेत निरोगी सुगुर वंगुरमा सर्दछ । यो रोग सवै उमेर समुहका वंगुरमा लाग्न सक्तछ ।

## यो रोग लागेमा कस्तो लक्षण देखिन्छ ?

यो रोग लागेमा सुगुर वंगुरले तिन प्रकारको अवस्थामा लक्षण देखाउछ :

- तुरून्तै : यो अवस्थामा सुगुर वंगुरमा अत्याधिक ज्वरो (१०६१०७ डि फरेन हाइट) सम्म आउने, वंगुरका पाठा पाडी एकाएक झोकिने, लरखराउने, वसेका ठाउबाट उठन, हिडडुल गर्न नसक्ने र १२ दिन भित्रमा मर्ने हुन्छ ।

  त्यसपछि अथवा ३४ दिन भित्रमा : दाना पानी नखाने, वान्ता गर्ने, एकै ठाउमा जम्मा भै गुचुमुच्च भएर वस्ने, काखि, कानको पछाडी, पेटकोभागमा प्याजी रंगको धव्वा/डावर देखापर्ने र कहिलेकाहि निलो रंगको धव्वा समेत देखिने । शुरूमा कब्जियत हुने र त्यसको केहि समय पछि छेरौटी लाग्ने । पुच्छर, थुतुनो र योनीको भागमा फोकाहरू आउने, आखामा डम्म कचेरा लाग्ने, नाकबाट सिगान बगाइरहने, लरखराउने, काप्ने, पक्षघात हुने, यदि व्याउने भएमा तुहाउने, फिज काडने, मुर्छापर्ने, मरिहाल्ला जस्तो लक्षण देखाउने यस्तो अवधि ३५ दिन सम्मको हुन्छ र यस अवस्थामा पुगेको वंगुर सुगुरको मृत्युदर ९० प्रतिशत सम्म हुन्छ ।
- एक हप्ता भन्दा लामो समय सम्म :

  यस अवस्थामा सुगुर वंगुरको शारिरिक वृद्धि रोकिने, भएको तौल पनि घटतै जाने, खान मन नगर्ने, खोकि लागि रहने, पखाला लाग्ने, दुब्लो कमजोर हुने, आदि जस्ता लक्षणहरू देखिएता पनि मृत्यूदर कम हुनु यो अवस्था चाहि वारम्वार रोग फैलिरहने स्थानमा भएको पाइन्छ ।

## यो रोगको निदान कसरी गरिन्छ ?

लक्षणका आधारमा पनि यो रोगको निदान गर्न सकिन्छ भने ल्याव परिक्षण र Post mortem Exam का आधारमा यो रोगको निदान गर्न सकिन्छ ।

यदि आफ्नो फार्ममा एक पटक रोग लागेको सुगुर वंगुर भएमा रोगको घर हुने भएकाले त्यस्तोलाई फार्मबाट हटाउने ।

यसरी रोग फैलिन गएको थाहा पाउना साथ नजिकको स्थानिय तहको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई जानकारी दिइ रोग निदानका उपाय अपनाउनु पर्दछ ।

## यो रोगको उपचार के हुन सक्तछ ?

यो रोगको खासै उपचार छैन तर पनि निम्नानुशारका औषधिबाट उपचार गर्न सकिन्छ ।

१. सल्फाडिमाइडिन सुइ (Sulphadimidine inj) १ एम.एल./२ के.जी. शारिरिक तौलका आधारमा नशा अथवा मासुमा सुइ दिने । अथवा
२. डुवाप्रिम सुई (Duaprim inj) १ एम.एल./१६ के.जी. शारिरिक तौलका आधारमा नशा अथवा मासुमा सुइ दिने । अथवा
३. सल्कोप्रिम अथवा सल्फा वोलस (Sulcoprim or sulpha bolus) १२ वोलस दिनको २ पटक ५ दिन

सम्म खान दिने । अथवा

४. इनरोफ्लोक्सासिन सुइ (Enrofloxacin inj) १ एम.एल. / २० के.जी. शारिरिक तौलका आधारमा मासुमा सुइ दिने ।

## यो रोगलाइ कसरी रोकथाम गर्न सकिन्छ ?

यो रोगबाट सुगुर, बंगुरका पाठा पाठी बचाउन २ महिनाको उमेरमा एक पटक र त्यस पछि माउलाइ वर्षे पिच्छे स्वाइन फिवर भ्याक्सिन १ एम.एलका दरले छाला मुनी पर्ने गरि सुई दिनु पर्दछ । यो भ्याक्सिने कम्पनिले दिएको घोलमा घोली तयार गरेर मात्र १ एम. एलका दरले दिनु पर्ने हुन्छ । यसको प्रतिरोधात्मक क्षमता १ वर्षको हुन्छ । यो रोग लागेको थाहा पाउना साथ तुरून्त स्थानिय तहको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारि गराउने र नियन्त्रण तर्फ उन्मूख हुनु पर्दछ ।

# सुगुरको हैजा (Swine Fever)



प्रदेश सरकार
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं.१ विराटनगर
फोन नं. ०२१-४७०९२४
इमेल lfdbrt@ gmail.com